नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१/०८०/८१

मितिः २०८०/०५/११

# सूचना

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु तथा पुर्वाधार विकास बैंक,**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने चालू पुँजी प्रकृतिका कर्जा सम्बन्धमा **"चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (प्रथम संशोधन सहित)"** मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

**भवदीय,**

**(डा. गुणाकर भट्ट)**
**कार्यकारी निर्देशक**

# चालू पुँजीकर्जा सम्बन्धी मार्गदर्शन २०७९ (प्रथम संशोधन सहित) मा संशोधन/परिमार्जन थप

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | मार्गदर्शनको बुँदा नं. ३.१ मा संशोधन | रु.१ करोडसम्मको चालू पुँजी कर्जाको सीमा निर्धारण<br>(क) समग्र बैंकिङ्ग प्रणालीबाट कुल रु.१ करोड वा सोभन्दा कम चालू पुँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा बैंक तथा वित्तीय संस्थाले आफ्नो चालू पुँजी कर्जासम्बन्धी नीतिको अधीनमा रही चालू पुँजी कर्जाको सीमा निर्धारण गर्न सक्नेछन् । तर, चालू पुँजी प्रयोजनका लागि प्रदान हुने कर्जाको प्रकार यसै मार्गदर्शनबमोजिम हुनु पर्नेछ । | रु.१ करोडसम्म (**उत्पादनमूलक उद्योगको हकमा कुल रु.३ करोडसम्म**) को चालू पुँजी कर्जाको सीमा निर्धारण<br><br>समग्र बैंकिङ्ग प्रणालीबाट कुल रु.१ करोडसम्म (**उत्पादनमूलक उद्योगको हकमा कुल रु.३ करोडसम्म**) चालू पुँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा **यो मार्गदर्शन लागू हुने छैन** । यस्ता ऋणीलाई प्रवाह हुने चालु पुँजी कर्जाको सीमा बैंक तथा वित्तीय संस्थाले आफ्नो चालू पुँजी कर्जासम्बन्धी नीतिको अधीनमा रही निर्धारण गर्न सक्नेछन् । तर, चालू पुँजी प्रयोजनका लागि प्रदान हुने कर्जाको प्रकार यसै मार्गदर्शनबमोजिम हुनुपर्नेछ । |
| २. | मार्गदर्शनको बुँदा नं. ३.२ को (क) मा संशोधन | रु.२ करोडसम्मको चालू पुँजी कर्जाको सीमा निर्धारण<br><br>(क) फर्म/संस्था/कम्पनीलाई एक वा एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल रु.२ करोड वा सोभन्दा कम रकमको चालू पुँजी कर्जाको सीमा निर्धारण गर्दा अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २० प्रतिशतले हुन आउने रकमसम्म मात्र कुल चालू पुँजी कर्जा सीमा कायम गर्नुपर्दछ । यस्तो कर्जाको अवधि १ वर्ष वा सोभन्दा कम हुनुपर्नेछ र यस्तो कर्जा सीमा नवीकरणयोग्य हुनेछ ।<br>तर, इजाजतपत्रप्राप्त संस्थाले उद्यम व्यवसायको Operating Cycle, Cash Conversion Cycle, Days Sales Outstanding, Inventory Conversion Period, Lead Time, Accounts Payble Period आदिको विश्लेषण गर्दा विशेष प्रकृतिको आवश्यकता देखेमा कर्जा फाइलमा सो कारणहरु उल्लेख गरी अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम ४० प्रतिशतले हुन आउने रकमसम्म कुल चालू पुँजी कर्जा सीमा | **रु.२ करोडसम्म (उत्पादनमूलक उद्योगको हकमा रु.४ करोडसम्म) को चालू पुँजी कर्जाको सीमा निर्धारण**<br><br>(क) फर्म/संस्था/कम्पनीलाई एक वा एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल **रु.२ करोडसम्म** (**उत्पादनमूलक उद्योगको हकमा रु.४ करोडसम्म**) को चालू पुँजी कर्जाको सीमा निर्धारण गर्दा अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २० प्रतिशतले हुन आउने रकमसम्म मात्र कुल चालू पुँजी कर्जा सीमा कायम गर्नुपर्दछ । यस्तो कर्जाको अवधि १ वर्ष वा सोभन्दा कम हुनुपर्नेछ र यस्तो कर्जा सीमा नवीकरणयोग्य हुनेछ ।<br>तर, इजाजतपत्रप्राप्त संस्थाले उद्यम व्यवसायको Operating Cycle, Cash Conversion Cycle, Days Sales Outstanding, Inventory Conversion Period, Lead Time, Accounts Payble Period आदिको विश्लेषण गर्दा **औचित्यपूर्ण देखिएमा** कर्जा फाइलमा सो कारणहरु उल्लेख गरी अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम **५०** प्रतिशतले हुन आउने रकमसम्म कुल चालू पुँजी कर्जा सीमा कायम गर्न सक्नेछन् । |

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | कायम गर्न सक्नेछन् । | |
| ३. | मार्गदर्शनको बुँदा नं. ३.३ को उपबुँदा (क मा संशोधन<br>तथा स्पष्टिकरण थप | **रु.२ करोडभन्दा बढी चालू पुँजी कर्जाको सीमा निर्धारण**<br>(क)फर्म/संस्था/कम्पनीलाई एक वा एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल रु.२ करोडभन्दा बढी रकमको चालू पुँजी कर्जाको सीमा निर्धारणका लागि चालू पुँजी आवश्यकताको विश्लेषण गर्दा Permanent Working Capital Need र Fluctuating Working Capital Need को पहिचान गर्नुपर्दछ । | **रु.२ करोडभन्दा बढी (उत्पादनमूलक उद्योगको हकमा रु.४ करोडभन्दा बढी) चालू पुँजी कर्जाको सीमा निर्धारण**<br>(क) फर्म/संस्था/कम्पनीलाई एक वा एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल **रु.२ करोड (उत्पादनमूलक उद्योगको हकमा रु.४ करोड) भन्दा** बढी रकमको चालू पुँजी कर्जाको सीमा निर्धारणका लागि चालू पुँजी आवश्यकताको विश्लेषण गर्दा Permanent Working Capital Need र Fluctuating Working Capital Need को पहिचान गर्नुपर्दछ । |
| ४. | मार्गदर्शनको बुँदा नं. ३.३ को उपबुँदा (ख मा संशोधन | (ख) Fluctuating Working Capital Need को लागि अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २५ प्रतिशतले हुन आउने रकमभन्दा बढी नहुने गरी कर्जा सीमा स्वीकृत गर्नुपर्दछ । यस्तो कर्जाको अवधि १ वर्ष वा सोभन्दा कम हुनुपर्नेछ र यस्तो कर्जा सीमा नवीकरणयोग्य हुनेछ । | (ख) Fluctuating Working Capital Need को लागि अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २५ प्रतिशतले हुन आउने रकमभन्दा बढी नहुने गरी कर्जा सीमा स्वीकृत गर्नुपर्दछ ।<br>**तर, इजाजतपत्रप्राप्त संस्थाले उद्यम व्यवसायको Operating Cycle, Cash Conversion Cycle, Days Sales Outstanding, Inventory Conversion Period, Lead Time, Accounts Payble Period आदिको विश्लेषण गर्दा औचित्यपूर्ण देखिएमा कर्जा फाइलमा सो कारणहरु उल्लेख गरी अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम ४० प्रतिशतले हुन आउने रकमसम्म कुल चालू पुँजी कर्जा सीमा कायम गर्न सक्नेछन् ।**<br>यस्तो कर्जाको अवधि १ वर्ष वा सोभन्दा कम हुनुपर्नेछ र यस्तो कर्जा सीमा नवीकरणयोग्य हुनेछ । |
| ५. | मार्गदर्शनको बुँदा नं.३.४ मा संशोधन | इजाजतपत्रप्राप्त संस्थाले चालू पुँजी कर्जाको आवश्यकता विश्लेषण गर्दा रु.२ करोडभन्दा कम चालू पुँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा समेत Permanent Working Capital Need पहिचान भएमा कुल रु २ करोडको सीमाभित्र रही Fluctuating Working Capital Need को लागि १ वर्षभन्दा कम अवधिको कर्जा तथा Permanent Working Capital Need को लागि ३ देखि १० वर्षको आवधिक प्रकृतिको चालू पुँजी कर्जा प्रदान गर्न सक्नेछन् । | इजाजतपत्रप्राप्त संस्थाले चालू पुँजी कर्जाको आवश्यकता विश्लेषण गर्दा **रु.२ करोडसम्म (उत्पादनमूलक उद्योगको हकमा रु.४ करोडसम्म)** चालू पुँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा समेत Permanent Working Capital Need पहिचान भएमा बुँदा न.३.२ (क) को सीमाको अधीनमा रही Fluctuating Working Capital Need को लागि १ वर्षभन्दा कम अवधिको कर्जा तथा Permanent Working Capital Need को लागि ३ देखि १० वर्षको आवधिक प्रकृतिको चालू पुँजी कर्जा प्रदान गर्न सक्नेछन् । |

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| ६. | मार्गदर्शनको बुँदा नं. ३. मा स्पष्टिकरण थप | | **स्पष्टिकरण : उत्पादनमूलक उद्योग भन्नाले कच्चा पदार्थ वा अर्धतयारी सामानको प्रयोगवाट निश्चित मानव/मेशिनरीको प्रयोग गरी मूल्य अभिवृद्धि गराई कुनै वस्तु उत्पादन गर्ने उद्योग लाई जनाउँछ ।** |
| ७. | मार्गदर्शनको बुँदा नं. ६.४ (ख) मा संशोधन | रु.५ करोडभन्दा बढी चालू पुँजी कर्जाको हकमा ऋणी संस्थाको आन्तरिक लेखा परीक्षणबाट प्रमाणित अर्धवार्षिक विवरण । | रु.५ करोडभन्दा बढी चालू पुँजी कर्जाको हकमा ऋणी संस्थाको आन्तरिक लेखापरीक्षक वा **लेखापरीक्षक**बाट प्रमाणित अर्धवार्षिक विवरण । |
| ८. | मार्गदर्शनको बुँदा नं. ७.५ मा संशोधन | ऋणीको चालू पुँजी कर्जा नवीकरण तथा चालू पुँजी प्रयोजनको आवधिक कर्जा पुनरावलोकन गर्दा उपबुँदा ७.४ अनुसार गरिएको Variance Analysis लाई आधार लिई कर्जा सीमा समायोजन गरेर मात्र कर्जा नवीकरण तथा पुनरावलोकन गर्नुपर्दछ । | ऋणीको चालू पुँजी कर्जा नवीकरण तथा चालू पुँजी प्रयोजनको आवधिक कर्जा पुनरावलोकन गर्दा उपबुँदा ७.४ अनुसार गरिएको Variance Analysis लाई आधार लिई कर्जा सीमा समायोजन गरेर मात्र कर्जा नवीकरण तथा पुनरावलोकन गर्नुपर्दछ । **तर यथार्थ वित्तीय विवरण पेश गर्न ऋणीले मनासिब माफिकको कारणसहित समय माग गरेमा बुँदा नं. १०.१६ को व्यवस्थाको अधीनमा रही कर्जा नवीकरण/पुनरावलोकन गर्न यो व्यवस्थाले बाधा पुगेको मानिने छैन ।** |
| ९. | मार्गदर्शनको बुँदा न.७ मा ७.७ थप गरी क्रम संख्या मिलान | हाल नभएको | **सरकारी, अर्धसरकारी तथा वहुराष्ट्रिय संस्थाहरुसँग सम्बन्धित कार्य सम्पादन गर्न गरिएको निर्माण व्यवसायसँग सम्बन्धित ठेक्का सम्झौताअन्तर्गतका वहुवर्षीय परियोजनाहरुकालागि प्रवाहित कर्जाको हकमा मात्र उक्त परियोजना अवधिभर कर्जा नवीकरण तथा पुनरावलोकन गर्दा variance analysis गरी कर्जा सीमा घटाउन अनिवार्य हुने छैन ।**<br><br>**तर बैंक तथा वित्तीय संस्थाले ऋणीको चालू पुँजी कर्जा बक्यौता आफ्नो चालु पूँजी कर्जा नीतिबमोजिमको Net Trading Assets (NTA) को निश्चित प्रतिशतभन्दा बढी नहुने गरी यकीन गर्नुपर्नेछ ।** |
| १०. | मार्गदर्शनको बुँदा नं. ८.६ मा संशोधन | नवीकरण हुने प्रकृतिका सम्पूर्ण चालू पुँजी कर्जा खाता आर्थिक वर्षको कुनै एक समयमा उद्योग/व्यवसायको प्रकृतिअनुसार कम्तीमा लगातार ७ दिन शून्य बक्यौता कायम भएको हुनुपर्दछ ।<br>तर, यो व्यवस्था मार्गदर्शन लागु भएको मितिबाट ३ | **चालू पुंजी कर्जाका बिभिन्न खाताहरुमध्ये क्यास क्रेडिट कर्जा खातामा** आर्थिक वर्षको कुनै एक समयमा कम्तीमा लगातार ७ दिन **कर्जा सीमाको १० प्रतिशतभन्दा कम वक्यौता कायम** भएको हुनुपर्दछ ।<br>तर, यो व्यवस्था मार्गदर्शन लागु भएको मितिबाट देहायबमोजिम कार्यान्वयन गर्न सकिनेछ : |

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | वर्षसम्म देहायबमोजिम कार्यान्वयन गर्न सकिनेछ :<br>(क) पहिलो वर्षको लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको ३० प्रतिशतभन्दा कम वक्यौता कायम गर्न सक्नेछन् ।<br>(ख) दोस्रो वर्षको लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको २० प्रतिशतभन्दा कम वक्यौता कायम गर्न सक्नेछन् ।<br>(ग) तेस्रो वर्षको लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको १० प्रतिशतभन्दा कम वक्यौता कायम गर्न सक्नेछन्। | (क) पहिलो वर्षको लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको ३० प्रतिशतभन्दा कम वक्यौता कायम गर्न सक्नेछन् ।<br>(ख) दोस्रो वर्षको लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको २० प्रतिशतभन्दा कम वक्यौता कायम गर्न सक्नेछन् ।<br>(ग) तेस्रो **वर्षपछि** ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको १० प्रतिशतभन्दा कम वक्यौता कायम गर्नुपर्नेछ । |
| ११. | मार्गदर्शनको बुँदा नं. ९ मा उपबुँदा (ख) मा संशोधन | चालू पुँजी कर्जाको भुक्तानी तालिका र असुली प्रक्रियाको विषय | चालू पुँजी कर्जाको (**Permanent Working Capital तथा Fluctuating Working Capital) गणना गर्ने प्रक्रिया/विधि,** भुक्तानी तालिका र असुली प्रक्रियाको विषय |
| १२. | मार्गदर्शनको बुँदा नं.१०.३ मा संशोधन | ऋणीको सोही संस्थामा वा अन्य संस्थामा रहेको कुनै पनि कर्जा चुक्ता गर्ने प्रयोजनका लागि कुनै पनि किसिमको कर्जा प्रदान गर्न वा सीमा थप गर्न पाइने छैन । तर, ऋणीको व्यवसायसँग सम्बन्धित कुनै प्रयोजनका लागि अप्रत्याशित रुपमा वित्तीय स्रोतको आवश्यकता भएमा सम्बन्धित प्रयोजनमा सोझै रकमान्तर हुने गरी आकस्मिक प्रकृतिको adhoc चालू पुँजी कर्जा प्रदान गर्न बाधा पर्ने छैन । यस्तो कर्जा नवीकरण भएको वा उद्देश्यबमोजिम प्रयोग भएको नपाइएमा सो कर्जालाई खराब वर्गमा वर्गीकरण गरी शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्दछ । कुनै ऋणीलाई एक आर्थिक वर्षमा एक पटकभन्दा बढी आकस्मिक प्रकृतिको adhoc कर्जा आवश्यक परेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गरी यस्तो कर्जा प्रदान गर्न सक्नेछ । | ऋणीको सोही संस्थामा वा अन्य संस्थामा रहेको कुनै पनि कर्जा चुक्ता गर्ने प्रयोजनका लागि कुनै पनि किसिमको कर्जा प्रदान गर्न वा सीमा थप गर्न पाइने छैन । तर, ऋणीको व्यवसायसँग सम्बन्धित कुनै प्रयोजनका लागि अप्रत्याशित रुपमा वित्तीय स्रोतको आवश्यकता भएमा सम्बन्धित प्रयोजनमा सोझै रकमान्तर हुने गरी आकस्मिक प्रकृतिको adhoc चालू पुँजी कर्जा प्रदान गर्न बाधा पर्ने छैन । **यस्तो प्रकृतिको कर्जा seasonal व्यवसायलाई समेत (जस्तै रसायनिक मल खरीद, चाडपर्वसँग सम्बन्धित व्यापार आदि) औचित्यको आधारमा प्रवाह गर्न सकिनेछ ।** यस्तो कर्जा नवीकरण भएको वा उद्देश्यबमोजिम प्रयोग भएको नपाइएमा सो कर्जालाई खराब वर्गमा वर्गीकरण गरी शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्दछ । कुनै ऋणीलाई एक आर्थिक वर्षमा **दुई** पटकभन्दा बढी आकस्मिक प्रकृतिको adhoc कर्जा आवश्यक परेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गरी यस्तो कर्जा प्रदान गर्न सक्नेछ । |